एकाइ ७ · हाम्रो पृथ्वी: नेपालको भूगोल, हावापानी, नदी र वनस्पति

कार्यपत्र

पूर्णाङ्क २९

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / २९

१ मुख्य शब्द [३]


कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

त्रिवेणी	दशगजा	दोभान	पतझड	भूपरिवेष्टित देश	मौसम	हावापानी	हिमनदी

चारैतिरबाट जमिनले घेरिएको र समुद्रसँग नजोडिएको देशलाई _____ भनिन्छ। नेपाल र भारतको सिमानाका दुवैतिर छोडिएको खाली जमिनको पट्टीलाई _____ भनिन्छ। कुनै ठाउँको लामो समयको मौसमको सालाखाला अवस्थालाई _____ भनिन्छ। दुईओटा नदी मिसिने ठाउँलाई _____ भनिन्छ। वर्षौंसम्म थुप्रिएको हिउँ थिचिएर बनेको र बिस्तारै तलतिर बगिरहेको बरफको ठुलो खण्डलाई _____ भनिन्छ। हिउँदको अन्त्य र वसन्तमा धेरै रुखका पात झर्नुलाई _____ भनिन्छ।

२ चित्रको नामाङ्कन [३]

चित्रमा वृष्टिछाया बनेको तरिका देखाइएको छ। १ देखि ६ सम्मका अङ्क भएका ठाउँमा उपयुक्त नाम लेख्नुहोस्। यी नाम प्रयोग गर्नुहोस्: उत्तर, दक्षिण, बाफ बोकेको मनसुनी वायु, पानी झरिसकेको सुक्खा हावा, धेरै वर्षा हुने ढाल, वृष्टिछाया। प्रत्येकको ०.५ अङ्क छ।



१. _____ २. _____

३. _____ ४. _____

५. _____ ६. _____

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-6-social/our-earth

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. नेपालको क्षेत्रफल १,४७,५१६ वर्ग कि.मि. छ। ☐

ii. कोसी नेपालको सबैभन्दा लामो नदी हो। ☐

iii. रारा ताल नेपालको सबैभन्दा ठुलो ताल हो। ☐

iv. जमिनको उचाइ बढ्दै जाँदा तापक्रम पनि बढ्दै जान्छ। ☐

४ अति छोटो उत्तर [९]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. नेपालबाट सबैभन्दा नजिकमा पर्ने सागर वा खाडी कुन हो? [१]

ख. मानिसले बनाएको कुनै एक तालको नाम लेख्नुहोस्। [१]

ग. ५,००० मिटरभन्दा माथि कुन प्रकारको हावापानी पाइन्छ? [१]

घ. मुख्य तराईलाई नेपालको अन्नभण्डार किन भनिन्छ? एउटा कारण लेख्नुहोस्। [१]

ङ. चितवन, दाङ र सुर्खेत नेपालको भूबनोटको कुन भागमा पर्छन्? [१]

च. जुम्लाको चन्दननाथ करिब २,३०० मिटर उचाइमा छ। त्यहाँ कस्तो हावापानी पाइन्छ? [१]

छ. तामाकोसी नदी दोलखामा सुनकोसीमा मिसिन्छ। तामाकोसी सुनकोसीको के हो? [१]

ज. देवघाटमा कुन दुई नदी मिसिएर नारायणी बन्छ? [१]

झ. उत्तिस, धुपी र सल्लोको जङ्गल कति उचाइमा पाइन्छ? [१]

५ छोटो उत्तर [६]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. पूर्वी नेपालमा ग्रीष्ममा र पश्चिमी नेपालमा हिउँदमा बढी वर्षा हुनाका कारण लेख्नुहोस्। [२]

ख. पहिलो स्तर र तेस्रो स्तरका नदीबिचका कुनै दुई फरक लेख्नुहोस्। [२]

ग. वनजङ्गलका कुनै दुई महत्त्व लेख्नुहोस्। [२]

६ लामो उत्तर [४]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

हिमाली प्रदेशका कुनै चारओटा विशेषताहरू लेख्नुहोस्।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-6-social/our-earth

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

चुरेको माटो र ढुङ्गा खुकुलो छ। चुरेको वन मासियो भने तलका तराईका खेत र बस्तीमा के असर पर्ला? कुनै दुई असर लेख्नुहोस्।

८ क्रियाकलाप: उचाइ र हावापानी (अङ्क नदिइने)

तालिकाका ठाउँ कति उचाइमा छन्, शिक्षक वा अभिभावकलाई सोधेर वा नक्सा हेरेर पत्ता लगाउनुहोस्। त्यसपछि उचाइअनुसार त्यहाँ कुन हावापानी पाइन्छ, लेख्नुहोस्। पहिलो पङ्क्ति उदाहरणका लागि भरिएको छ।

ठाउँ	करिब उचाइ (मिटर)	हावापानीको प्रकार
बिराटनगर	७०	उपोष्ण मनसुनी
आफ्नो ठाउँ:		
काठमाडौँ		
पोखरा		
जुम्ला		